## बैठक संख्या १

आज मिति २०८१/०४/२३ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CS CamScanner

बैठक संख्या १/२०८१/०८२ मिति २०८१/०४/२३ गते

**प्रस्ताव नं.१:- मेडिकल अधिकृतको विज्ञापन निकाल्ने सम्बन्धमा।**

**निर्णय नं.१:-** प्रस्ताव नं. १ माथि छलफल हुँदा प्राथमिक स्वास्थ्य केन्द्र, बेलडाँडी कंचनपुरको स्विकृत दरबन्दीमा मेडिकल अधिकृतको पद हाल रिक्त रहेको हुँदा सेवा करारमा मेडिकल अधिकृत पदपूर्ति गर्न नियमानुसार विज्ञापन निकाल्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२:- सूचना प्रकाशनको टेण्डर आहवान सम्बन्धमा ।**

**निर्णय नं.२:-** प्रस्ताव नं. २ माथि छलफल हुँदा यस कार्यालयको चालु आ.व. को स्विकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा विभिन्न सूचना प्रकाशनको लागि विज्ञापन एजेन्सी/फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि सूचना प्रकाशनको टेण्डर आहवान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.३ :- शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.३ :-** प्रस्ताव नं. ३ माथि छलफल हुँदा माध्यमिक तह (९ - १०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान वितरण गर्ने सम्बन्धि गरेको गाउँ शिक्षा समितिको मिति २०८१ श्रावण २२ गतेको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.४ :- बाख्रा खोर निर्माणमा लागत सहभागिताको रकम व्यहोर्ने सम्बन्धमा ।**

**निर्णय नं.४ :-** प्रस्ताव नं. ४ माथि छलफल हुँदा कनेक्ट प्रोग्राममा बाख्रा खोर निर्माणको लागि व्यहोर्नु पर्ने लागत सहभागिताको रकम सम्बन्धित वडामा परेको बाख्राको खोरको संख्याको आधारमा उक्त लागत सहभागिताको रकम सम्बन्धित वडाले नै व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५:-औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ५ :-** प्रस्ताव नं.५ माथि छलफल हुँदा मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८ बमोजिम गत वर्ष उपचार खर्च पाई यस वर्ष नविकरणका लागि दर्ता हुन आएका र यस वर्ष नयाँ दर्ता हुन आएका देहायका विरामीलाई नियमानुसार उपचार खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

| क.सं. | नाम थर | उमेर | लिङ्ग | ठेगाना | रोगको किसिम | कै. |
|---|---|---|---|---|---|---|
| १. | कमान विष्ट | ६२ | पुरुष | बेलडाँडी १ | क्यान्सर | |
| २. | माहिर विष्ट | ४ | पुरुष | बेलडाँडी २ | क्यान्सर | |
| ३. | कम्पनी रोकाया | ६० | महिला | बेलडाँडी ५ | क्यान्सर | |
| ४. | सिंगे रोकाया | ८० | पुरुष | बेलडाँडी ५ | डाईलाईसिस | |
| ५. | चन्द्रकला क्षेत्री | ५३ | महिला | बेलडाँडी २ | डाईलाईसिस | |
| ६. | मानमती कठायत | ५८ | महिला | बेलडाँडी [illegible] | क्यान्सर | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.६:- रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं.६:**-प्रस्ताव नं. ६ माथि छलफल हुँदा नेपाल आदिवासी जनजाती महासंघ, कंचनपुरको जिलला स्तरीय कार्यक्रमको लागि नेपाल आदिवासी जनजाती सम्बन्धी कार्यक्रमबाट रु.१ लाख भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.७- DPR निर्माण तथा IEE गर्ने सम्बन्धमा ।**

**निर्णय नं.७:**-प्रस्ताव नं. ७ माथि छलफल हुँदा देहायको योजनाको DPR निर्माण तथा IEE गर्ने ' गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

(क)चौधर नदकिो कटान पटान रोक्न बृहत योजना मार्फत तटबन्ध निर्माण गर्न र पक्कि सडक निर्माण गर्न DPR निर्माण गर्ने ।

(ख) चौधर नदी तथा नदिको पारिपट्टीबाट माटो, बालुवा उत्खनन गर्न वडा नं. ५ को भुर्षा स्कूलको उत्त आरक्ष किनारदेखि दक्षिण समसान घाटसम्मको क्षेत्रको IEE गर्ने ।

**प्रस्ताव नं.८- नियमावली स्विकृती गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८:**-प्रस्ताव नं. ८ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ को दफा १ ले दिएको अधिकार प्रयोग गरि बेलडाँडी गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१ स्विकृत गर्ने सर्वसम्म निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९ :- कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वे (O & M Survey) गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९** :-प्रस्ताव नं.९ माथि छलफल हुँदा यस कार्यालय तथा मातहतका वडा कार्यालय एवं स्व संस्थाहरुको लागि आवस्यक पर्ने कर्मचारीहरुको कार्यविवरण सहित संगठन तथा व्यवस्थापन सर्वे (O & Survey) गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१० :- वडा कार्यालय भवन निर्माणको लागि चारकिल्ला तोक्ने सम्बन्धमा ।**

**निर्णय नं.१०** :-प्रस्ताव नं. १० माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका २ नं. वडा कार्यालयको भ निर्माणको लागि २ नं. वडा कार्यालयको प.सं. २०८१/०८२ च.नं. ४९ मिति २०८१/०४/२० को पत्र देहायको चारकिल्ला भित्रको जग्गामा भवन निर्माणको लागि गा.पा.मा पठाउने भनि उल्लेख भई आए वडा समितिले गरेको उक्त निर्णय अनुमोदन गर्दै सोही स्थानमा वडा कार्यालय भवन निर्माणको चारकिल्ला तोक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

श्री सिद्धवैजनाथ समितिको मिति २०८१/०४/१५ को निर्णयानुसार चवन्नी बजार पछाडी रहेको सिद्धवैजनाथ मन्दिर हाताचित्र रहेको पूर्वमा - सडक, पश्चिम - पिपल र सालका रुख, उत्तर - शौचालय दक्षिण -चलनचल्तिको बाटो ।

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.११ :- फार्मेसी सेवा संचालन सम्बन्धमा**

**निर्णय न ११** :-प्रस्ताव नं. ११ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सेवा संचालनको लागि नियमानुसार आवश्यक कारवाही प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१२- सूचना जारी गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१२**:-प्रस्ताव नं. १२ माथि छलफल हुँदा देहायका विषयमा सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

१. कार्यालय परिसर क्षेत्रभित्र गाई गोरु नबाँध्ने सम्बन्धमा ।

२. गा.पा. क्षेत्रभित्रका सडक/बाटोको किनारमा गाईगोरु नबाँध्ने सम्बन्धमा ।

३. ईजाजत पत्र बेगरका व्यापारी/व्यवसायीलाई मदिरा बिक्री वितरण गर्न नदिने सम्बन्धमा ।

४.सडक/बाटो छेउछाउका रुख तथा बोटविरुवा काटने सम्बन्धमा ।

**प्रस्ताव नं.१३ :- सडक/बाटोमा ग्राभेल हाल्ने सम्बन्धमा ।**

**निर्णय नं. १३**:-प्रस्ताव नं.१३ माथि छलफल हुँदा २०८१ असार २४ गतेको अविरल वर्षाको कारण जमुनाघाडीदेखि कान्छी बजारसम्मको सडक खण्डमा ठाउँ ठाउँमा भत्केर आवतजावत गर्न असहज भएकोले ग्राभेलको लागि बेलडाँडी गा.पा. २ नं. वडा कार्यालयको पत्रबाट अनुरोध भई आएकोले भत्केको उक्त सडकखण्डको प्राविधिक लागत ईष्टिमेट तयार गरि रकमको खोजि गरि सडकमा ग्राभेल गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१४ :- वार्षिक प्रगती प्रतिवेदन पेश गरि समिक्षा गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४** :-प्रस्ताव नं. १४ माथि छलफल हुँदा यस कार्यालय अन्तर्गतका सम्पूर्ण शाखा/ईकाइ तथा वडा कार्यालयहरुको वार्षिक प्रगति प्रतिवेलन भाद्र महिनाभित्र पेश गर्न लगाई पहिलो चौमासिकभित्र वार्षिक समिक्षा गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१५ :- स्विपर भर्ना तथा पारिश्रमिक भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं.१५** :-प्रस्ताव नं. १५ माथि छलफल हुँदा रौतेली विचवा स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको मिति २०८० माघ ९ गतेको निर्णय तथा रौतेली विचवा स्वास्थ्य चौकी, बेलडाँडी ५ कंचनपुको प.सं. २०८१/०८२ च.नं.१ मिति २०८१/०४/०५ गतेको पत्रानुसार रौतेली विचवा स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरमा १(एक) जना स्विपर थपको लागि अनुरोध भई आएकोले उक्त संस्थामा स्विपरको दरबन्दी स्विकृत गरि स्विपर भर्ना गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, हाललाई डेलिभरी/सुत्केरी केशको आधारमा स्विपरको हाजिरी राखी प्रमाणित गरि/गराई सोही बमोजिम स्विपरको पारिश्रमिक रकम भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

बिर बहादुर ऐर

प्रमुख प्रशासकीय अधिकृत